स्वतः प्रकाशन प्रतिवेदन

# प्रदेश सुशासन केन्द्रबाट २०८३ वैशाखदेखि असारसम्म सम्पादन भएका प्रमुख कार्यहरुको एकीकृत प्रतिवेदन

*(चौथो त्रैमासिक प्रगति अवधि : वैशाख-असार २०८३)*

श्रीमान निर्देशकज्यू,
प्रदेश सुशासन केन्द्रबाट २०८३ वैशाखदेखि असारसम्म सम्पादन गरेका प्रमुख कार्यहरु (चौथो त्रैमासिक विवरण) स्वत प्रकाशनको लागि उपयुक्त देखि निर्णयार्थ पेश गर्दछु।
२०८३/०५/३०
उप-निर्देशक
(सूचना अधिकारी)

श्रीमान, कार्यकारी निर्देशकज्यू
स्वत प्रकाशनको लागि उपयुक्त देखि निर्णयार्थ पेश गर्दछु
२०८३/०५/३०

स्वीकृत
२०८३/०५/३०

बागमती प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
प्रदेश सुशासन केन्द्र
जावलाखेल, ललितपुर

# प्रदेश सुशासन केन्द्रको परिचय

बागमती प्रदेश सरकारद्वारा २०७७ असोज ५ गते प्रदेश राजपत्रमा प्रदेश सुशासन केन्द्र (स्थापना तथा कार्य सञ्चालन) आदेश, २०७७ प्रकाशन गरी सोही बमोजिम २०७७ साल मङ्सिर ३० गते प्रदेश सुशासन केन्द्रको औपचारिक रूपमा स्थापना गरिएको हो । प्रदेश तथा स्थानीय तहका निर्वाचित, मनोनीत वा नियुक्त पदाधिकारी तथा कर्मचारीको प्रशासनिक एवं व्यवस्थापन सम्बन्धी दक्षता अभिवृद्धि गर्ने तालिम प्रदायक संस्थाको रूपमा यस केन्द्रले विभिन्न कार्यक्रम सञ्चालन गर्दै आइरहेको छ । क्षमता विकास, संस्थागत विकास, अध्ययन तथा अनुसन्धान र परामर्श सेवा यस केन्द्रका चार प्रमुख कार्यक्षेत्रहरू हुन् । केन्द्रले सङ्घीय सरकार तथा बागमती प्रदेश सरकारका विषयगत मन्त्रालय तथा सम्बद्ध निकाय, जि.स.स. महासंघ, गाउँपालिका राष्ट्रिय महासघं, नेपाल नगरपालिका संघ एवं स्थानीय तहका जनप्रतिनिधि र कर्मचारीहरूसँगको सहकार्यमा यी आयामहरूसँग सम्बन्धित कार्यक्रमको तर्जुमा र कार्यान्वयन गर्दै आएको छ । मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयबाट प्राप्त हुने बजेटका अतिरिक्त केन्द्रका लागि सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत् प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम (Provincial and Local Governance Strengthening Program-PLGSP) बाट वित्तीय तथा प्राविधिक सहयोग प्राप्त हुने गरेको छ ।

## १.१ केन्द्रका प्रमुख कार्यहरू

- प्रदेश तथा स्थानीय तहका जनप्रतिनिधि तथा कर्मचारीका लागि प्रदान गरिने प्रशिक्षणको आवश्यकता पहिचान गर्ने,
- पहिचान भएका आवश्यकताका आधारमा पाठ्यक्रम तथा पाठ्य सामग्री तर्जुमा गर्ने,
- तालिम तथा प्रशिक्षण कार्यक्रम सञ्चालन गर्ने,
- स्थानीय तहलाई संस्थागत क्षमता स्वमूल्याङ्कन तथा वित्तीय सुशासन जोखिम मूल्याङ्कनका लागि सहजीकरण गर्ने,
- आवधिक योजना, राजस्व सुधार कार्ययोजना तथा क्षमता विकास योजना तर्जुमाका लागि सहयोग गर्ने,
- लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कार्यनीति तर्जुमा तथा कार्यान्वयनमा सहयोग पुर्‍याउने,
- अध्ययन, अनुसन्धान, परामर्श तथा ज्ञान व्यवस्थापन गर्ने र
- क्षमता विकास कार्यक्रमको गुणस्तर सुनिश्चितता गर्ने ।

## १.२ केन्द्रको दीर्घकालीन सोच

प्रदेश सुशासन केन्द्रको रणनीतिक योजनाअनुसारका दीर्घकालीन दूरदृष्टि, परिलक्ष्य, उद्देश्य, मान्यता र प्रतिबद्धता रणनीतिक लक्ष्यहरू देहायबमोजिम रहेका छन् ।

## क. दूरदृष्टि (Vision)

सुशासनयुक्त प्रदेश सरकार र स्थानीय सरकारका लागि **सिकाइ र विकासको विशिष्टीकृत एवं अग्रणी प्रशिक्षण** (TIELD: Training Institute with Excellence for Learning and Development) का रूपमा विकसित गर्ने ।

## ख. परिलक्ष्य (Mission)

सार्वजनिक प्रशासनलाई जनमुखी, उत्तरदायी, नागरिकमैत्री, सेवामैत्री र व्यावसायिक रूपले कार्यसम्पादन गर्न सक्ने बनाउन गुणस्तरीय प्रशिक्षण एवं अनुसन्धानद्वारा जनप्रतिनिधि र कर्मचारीहरूको क्षमता अभिवृद्धि गर्ने ।

## ग. उद्देश्य (Objectives)

- प्रदेश र स्थानीय तहमा सुशासन कायम गर्नमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने,
- नेपाल सरकारको "सबैका लागि तालिम" नीतिको कार्यान्वयन तथा उपलब्धि हासिल गर्नमा सहयोग पुऱ्याउने,
- क्षमता अभिवृद्धिका लागि गुणस्तरीय कार्यक्रमहरू सञ्चालन गर्ने,
- प्रशिक्षण र अनुसन्धानात्मक विधिका सम्बन्धमा प्रशिक्षकहरूको क्षमता विकासमा आवश्यक कार्यहरू गर्ने,
- व्यावहारिक क्षमता विकास कार्यक्रमका माध्यमबाट सेवाग्राही (प्रशिक्षार्थी कर्मचारी तथा जनप्रतिनिधि) को सिकाइलाई कार्यसम्पादनसँग जोड्ने कार्य गर्ने र
- नवीनतम् प्रविधिहरूमा आधारित क्षमता विकासका कार्यक्रमहरू विकास गरी नेपाल सरकारको विद्युतीय शासनबाट सुशासन प्रवर्द्धन गर्ने नीतिमा योगदान पुऱ्याउने ।


## घ. मान्यता (Values) र प्रतिबद्धता (Commitments)

प्रदेश सुशासन केन्द्रको देहायबमोजिमका मूलभूत मान्यता तथा प्रतिबद्धता रहनेछ र केन्द्रले प्रशासनिक, व्यवस्थापकीय तथा प्रशिक्षण कार्यसम्पादन गर्दा यी मूलभूत मान्यता तथा प्रतिबद्धतालाई शिरोधार्य गरी कार्य गर्ने गर्नुपर्दछ ।

| | |
|---|---|
| संस्थागत मान्यताः | सत्यनिष्ठा (Integrity), सदाचारिता, व्यावसायिकता, समूहभाव, मर्यादा, आदरभाव, जिम्मेवारी र नवप्रवर्तन एवं समता समविकास तथा समावेशिता र दिगोपना । |
| प्रशिक्षणसम्बद्ध मान्यताः | प्रशिक्षण कार्यक्रममा उत्कृष्टता, व्यवहारमा सकारात्मक परिवर्तन र कार्यसम्पादनमा विशिष्टता, प्रशिक्षार्थीमा नवप्रर्वतन, क्षमता विकासमा लचकपना तथा अधिकतम् पहुँच । |
| कार्यशैलीगत मान्यताः | समता, समविकास, लोकतान्त्रिक संस्कार, नागरिकमैत्री सेवा, समन्वय, सहकार्य र साझेदारिता, आर्थिक मितव्ययिता र अनुशासन । |
| संस्थागत प्रतिबद्धताः | प्रदेश र स्थानीय तहको बहुपक्षीय र बहुआयामिक क्षमता विकासका लागि उत्कृष्ट केन्द्र (Centre of Excellence) बन्ने । |

## १.३ केन्द्रको दरबन्दी संरचना र पदपूर्तिको अवस्था

प्रदेश सुशासन केन्द्र (स्थापना तथा कार्य सञ्चालन) आदेश, २०७७ को दफा १६ मा केन्द्रको लागि आवश्यक कर्मचारी प्रदेश सरकारले उपलब्ध गराउने र सो बमोजिमका कर्मचारी प्रदेश सरकारबाट व्यवस्थापन नभएसम्मको लागि स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान ऐन, २०४९ को दफा २०ख. बमोजिम नेपाल सरकारबाट हस्तान्तरण भइआएको महिला विकास प्रशिक्षण केन्द्र जावलाखेल ललितपुरमा कार्यरत कर्मचारी खटिई आएमा प्रदेश सरकारले केन्द्रको कामकाजमा लगाउन सक्ने व्यवस्था रहेको छ । हाल बागमती प्रदेश सरकारबाट स्वीकृत दरबन्दी तथा संगठनात्मक संरचना देहायबमोजिम रहेको छ ।



स्वतः प्रकाशन प्रतिवेदन

# प्रदेश सुशासन केन्द्रबाट २०८३ वैशाखदेखि असारसम्म सम्पादन भएका प्रमुख कार्यहरुको एकीकृत प्रतिवेदन

*(चौथो त्रैमासिक प्रगति अवधि : वैशाख-असार २०८३)*

## प्रदेश सरकारका अधिकृतस्तर छैटौँ तहका कर्मचारीको लागि सेवाकालीन तालिम

- सञ्चालन मिति : २०८३ वैशाख १४ गतेदेखि असार १ गतेसम्म (३५ कार्यदिन)
  (व्यवस्थापन शाखाबाट सम्पादित)
- स्थान : प्रदेश सुशासन केन्द्र, जावलाखेल
- सहभागी : बागमती प्रदेश सरकारअन्तर्गत कार्यरत अधिकृतस्तर छैटौं तहका कर्मचारीहरु
- सहभागी संख्या : १७ महिला तथा १३ पुरुष गरी जम्मा ३० जना
- स्रोतव्यक्ति : सम्बन्धित विषयका विज्ञहरु
- जम्मा खर्च : ८,८८,३४४/-

## बागमती प्रदेशका स्थानीय तहका अधिकृत छैटौँ तहका कर्मचारीहरूका लागि "सार्वजनिक प्रशासन र विकास व्यवस्थापन" विषयक सेवाकालीन तालिम

- सञ्चालन मिति : २०८३ वैशाख १५ गतेदेखि असार २ गतेसम्म (३५ कार्यदिन)
  (प्रशिक्षण तथा क्षमता विकास शाखाबाट सम्पादित)
- स्थान : प्रदेश सुशासन केन्द्र, जावलाखेल
- सहभागी : स्थानीय तहमा कार्यरत अधिकृतस्तर छैटौं तहमा कर्मचारीहरु
- सहभागी संख्या : १० महिला तथा २५ पुरुष गरी जम्मा ३५ जना
- स्रोतव्यक्ति : सम्बन्धित विषयका विज्ञहरु
- जम्मा खर्च : ९,५०,०२०/-

## प्रदेश सरकारका कर्मचारीका लागि २ दिने सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS-V2) सम्बन्धी अभिमुखीकरण तालीम

| क्र.सं. | कार्यक्रम सञ्चालन मिति र स्थान | सहभागीको विवरण | सहभागी संख्या | | | कैफियत | जम्मा खर्च |
|---|---|---|---|---|---|---|---|
| | | | महिला | पुरुष | जम्मा | | |
| १ | २०८३ वैशाख १५ र १६ गते, प्रदेश सुशासन केन्द्र, जावलाखेल | दोलखा, रामेछाप, सिन्धुली र रसुवा जिल्लाका कार्यालयहरुको जिन्सी शाखामा कार्यरत कर्मचारीहरु | ५ | २० | २५ | अनुसन्धान र ज्ञान व्यवस्थापन शाखाबाट सम्पादित | २,१४,१२०/- |
| | स्रोतव्यक्ति : उपमहालेखा नियन्त्रक श्री मान बहादुर मगर, सूचना प्रविधि अधिकृत श्री दृष्टि कडेल, लेखा अधिकृत श्री रुस्तम पन्त | | | | | | |
| २ | २०८३ वैशाख २२ र २३ गते, प्रदेश सुशासन केन्द्र, जावलाखेल | काभ्रेपलाञ्चोक, सिन्धुपाल्चोक र नुवाकोट जिल्लाका कार्यालयहरुको | १४ | २१ | ३५ | अनुसन्धान र ज्ञान व्यवस्थापन | २,५७,३१३/- |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | जिन्सी शाखामा कार्यरत कर्मचारीहरु | | | | शाखाबाट सम्पादित | |
| | स्रोतव्यक्ति : उपमहालेखा नियन्त्रक श्री मान बहादुर मगर, सूचना प्रविधि अधिकृत श्री दृष्टि कडेल, लेखा अधिकृत श्री रुस्तम पन्त | | | | | | |
| ३ | २०८३ जेठ ७ र ८ गते, प्रदेश सुशासन केन्द्र, जावलाखेल | धादिङ र चितवन जिल्लाका कार्यालयहरुको जिन्सी शाखामा कार्यरत कर्मचारीहरु (पहिलो र दोस्रो समूहमा सहभागिता जनाउन नसकेका कार्यालयहरु समेत) | ११ | २५ | ३६ | अनुसन्धान र ज्ञान व्यवस्थापन शाखाबाट सम्पादित | २,८८,१७६/- |
| | स्रोतव्यक्ति : उपमहालेखा नियन्त्रक श्री मान बहादुर मगर, लेखा अधिकृत श्री रुस्तम पन्त | | | | | | |
| जम्मा | | | ३० | ६६ | ९६ | | ७,५९,६०९/- |

## स्थानीय तहका जनप्रतिनिधि तथा कर्मचारीका लागि सामाजिक जवाफदेहिता सम्बन्धी दुईदिने तालिम

| क्र.सं. | कार्यक्रम सञ्चालन मिति र स्थान | सहभागीको विवरण | सहभागी संख्या | | | कैफियत | जम्मा खर्च |
|---|---|---|---|---|---|---|---|
| | | | महिला | पुरुष | जम्मा | | |
| १ | २०८३ जेठ ८ र ९ गते, जिल्ला समन्वय समितिको सभा हल, काभ्रेपलाञ्चोक | काभ्रे, सिन्धुली जिल्लाका स्थानीय तहका कर्मचारी तथा जनप्रतिनिधिहरु | ४ | २६ | ३० | व्यवस्थापन शाखाबाट सम्पादित | २,५०,६४६/- |
| | स्रोतव्यक्ति : | | | | | | |
| २ | २०८३ जेठ ११ र १२ गते, जिल्ला समन्वय समितिको सभा हल, विदुर, नुवाकोट | नुवाकोट जिल्लाका १२ स्थानीय तहका कर्मचारी तथा जनप्रतिनिधिहरु | ५ | २५ | ३० | प्रशिक्षण तथा क्षमता विकास शाखाबाट सम्पादित | २,५८,७००/- |
| | स्रोतव्यक्ति : निर्देशक श्री प्रतिभा पन्थी, उप-निर्देशक श्री रजनी रेग्मी, सञ्चार रजिष्टार श्री रेवती प्रसाद सापकोटा | | | | | | |
| ३ | २०८३ जेठ १८ र १९ गते, प्रदेश सुशासन केन्द्र, जावलाखेल | धादिङ जिल्लाका ९ स्थानीय तहका कर्मचारी तथा जनप्रतिनिधिहरु | ३ | १८ | २१ | प्रशिक्षण तथा क्षमता विकास शाखाबाट सम्पादित | १,७५,४००/- |
| | स्रोतव्यक्ति : कार्यकारी निर्देशक श्री गोपाल कृष्ण न्यौपाने, निर्देशक श्री प्रतिभा पन्थी, सह-सचिव श्री गोपाल प्रसाद अर्याल, सञ्चार रजिष्टार श्री रेवती प्रसाद सापकोटा | | | | | | |
| जम्मा | | | १२ | ६९ | ८१ | | ६,८४,७४६/- |

## स्थानीय तहका प्राविधिक कर्मचारीहरुलाई भवन संहिता मापदण्ड तथा विद्युतीय नक्सा पास प्रणाली सम्बन्धी तालिम कार्यक्रम

| क्र.सं. | | सहभागीको विवरण | सहभागी संख्या | कैफियत | जम्मा खर्च |
|---|---|---|---|---|---|

| | कार्यक्रम सञ्चालन मिति र स्थान | | महिला | पुरुष | जम्मा | | |
|---|---|---|---|---|---|---|---|
| १ | २०८३ जेठ ११ गतेदेखि १५ गतेसम्म, प्रदेश सुशासन केन्द्र, जावलाखेल | दोलखा, नुवाकोट, सिन्धुपाल्चोक र धादिङ जिल्लाका गाउँपालिकाका भवन मापदण्ड तथा नक्सा पास शाखाका प्राविधिक कर्मचारीहरु (अधिकृत तथा सहायक) | ६ | २३ | २९ | योजना तर्जुमा तथा पाठ्यक्रम विकास शाखाबाट सम्पादित | ४,३२,६१६/- |
| | स्रोतव्यक्ति : शहरी विकास तथा भवन निर्माण विभाग तथा कीर्तिपुर नगरपालिकाका विषय विज्ञहरु | | | | | | |
| २ | २०८३ जेठ १८ गतेदेखि २२ गतेसम्म, प्रदेश सुशासन केन्द्र, जावलाखेल | रसुवा, चितवन, मकवानपुर, ललितपुर, काभ्रेपलाञ्चोक, रामेछाप र सिन्धुली जिल्लाका गाउँपालिकाका भवन मापदण्ड तथा नक्सा पास शाखाका प्राविधिक कर्मचारीहरु (अधिकृत तथा सहायक) | ४ | २१ | २५ | योजना तर्जुमा तथा पाठ्यक्रम विकास शाखाबाट सम्पादित | ४,०९,५४४/- |
| | स्रोतव्यक्ति : शहरी विकास तथा भवन निर्माण विभाग तथा कीर्तिपुर नगरपालिकाका विषय विज्ञहरु | | | | | | |
| जम्मा | | | १० | ४४ | ५४ | | ८,४२,१६०/- |

## प्रदेश सरकारका कर्मचारीहरुका लागि दुईदिने बायो-इन्जिनियरिङ सम्बन्धी अभिमुखीकरण तालीम

- सञ्चालन मिति : २०८३ जेठ १३ र १४ गते (अनुसन्धान र ज्ञान व्यवस्थापन शाखाबाट सम्पादित)
- स्थान : प्रदेश सुशासन केन्द्र, जावलाखेल
- सहभागी : बागमती प्रदेश सरकारअन्तर्गतका विभिन्न १४ निकायमा कार्यरत इन्जिनियरिङ सेवाका कर्मचारीहरु
- सहभागी संख्या : ६ महिला तथा १३ पुरुष गरी जम्मा १९ जना
- स्रोतव्यक्ति : प्रा. डा. नरेन्द्र मान शाक्य, पूर्व सु.ई. (सडक विभाग) श्री नरेश मान शाक्य, पूर्व अध्यक्ष (नेपाल इन्जिनियर्स एशोसियसन) डा. हरेराम श्रेष्ठ
- जम्मा खर्च : १,४७,२७७/-

## स्थानीय तहको सूचना प्रविधि अधिकृतहरूका लागि सूचना प्रविधिसम्बन्धी क्षमता विकास कार्यक्रम

| क्र.सं. | कार्यक्रम सञ्चालन मिति र स्थान | सहभागीको विवरण | सहभागी संख्या | | | कैफियत | जम्मा खर्च |
|---|---|---|---|---|---|---|---|
| | | | महिला | पुरुष | जम्मा | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १ | २०८३ जेठ १३ गतेदेखि १५ गतेसम्म, एकीकृत डाटा व्यवस्थापन केन्द्र, सिंहदरवार | रामेछाप, नुवाकोट, काभ्रे जिल्लाका स्थानीय तहमा कार्यरत सूचना प्रविधि अधिकृतहरू | २ | २९ | ३१ | व्यवस्थापन शाखाबाट सम्पादित | ३,७५,८६०/- |
| | स्रोतव्यक्ति : | | | | | | |
| २ | २०८३ जेठ १७ गतेदेखि १९ गतेसम्म, एकीकृत डाटा व्यवस्थापन केन्द्र, सिंहदरवार | रामेछाप, नुवाकोट, काभ्रे जिल्लाका स्थानीय तहमा कार्यरत सूचना प्रविधि अधिकृतहरू | ३ | २८ | ३१ | व्यवस्थापन शाखाबाट सम्पादित | ३,८८,४६०/- |
| | स्रोतव्यक्ति : | | | | | | |
| ३ | २०८३ जेठ २१ गतेदेखि २३ गतेसम्म, एकीकृत डाटा व्यवस्थापन केन्द्र, सिंहदरवार | काठमाडौं, भक्तपुर, सिन्धुली र सिन्धुपाल्चोक जिल्लाका स्थानीय तहमा कार्यरत सूचना प्रविधि अधिकृतहरू | १० | २८ | ३८ | व्यवस्थापन शाखाबाट सम्पादित | ३,८६,०६०/- |
| | स्रोतव्यक्ति : | | | | | | |
| जम्मा | | | १५ | ८५ | १०० | | ११,५०,३८०/- |

## बागमती प्रदेशका स्थानीय तहका जनप्रतिनिधि तथा कर्मचारीहरूका लागि विपद् व्यवस्थापन सम्बन्धी अभिमुखीकरण तालिम

| क्र.सं. | कार्यक्रम सञ्चालन मिति र स्थान | सहभागीको विवरण | सहभागी संख्या | | | कैफियत | जम्मा खर्च |
|---|---|---|---|---|---|---|---|
| | | | महिला | पुरुष | जम्मा | | |
| १ | २०८३ जेठ २० गतेदेखि २२ गतेसम्म, प्रदेश सुशासन केन्द्र, जावलाखेल तथा राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, सिंहदरवार | नुवाकोट र काभ्रेपलाञ्चोक जिल्लाका २५ स्थानीय तहका जनप्रतिनिधि तथा कर्मचारीहरु | ३ | ३७ | ४० | प्राविधिक सहयोग र सहकार्य शाखाबाट सम्पादित | ३,९४,८१८/- |
| | स्रोतव्यक्ति : NDRRMA तथा आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेशका विज्ञ स्रोतव्यक्तिहरू | | | | | | |
| २ | २०८३ जेठ २८ गतेदेखि ३० गतेसम्म, प्रदेश सुशासन केन्द्र, जावलाखेल | धादिङ र सिन्धुली जिल्लाका स्थानीय तहका जनप्रतिनिधि तथा कर्मचारीहरु | ९ | ५ | १४ | प्राविधिक सहयोग र सहकार्य शाखाबाट सम्पादित | १,७५,२१८/- |
| | स्रोतव्यक्ति : NDRRMA तथा आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेशका विज्ञ स्रोतव्यक्तिहरू | | | | | | |
| जम्मा | | | १२ | ४२ | ५४ | | ५,७०,०३६/- |

## स्थानीय तहको न्यायिक समितिका पदाधिकारी तथा कर्मचारीका लागि फैसला लेखन लगायतका असल अभ्यास सिकाइ सम्बन्धी अन्तरक्रिया तथा प्रस्तुतीकरण

| क्र.सं. | कार्यक्रम सञ्चालन मिति र स्थान | सहभागीको विवरण | सहभागी संख्या | | | कैफियत | जम्मा खर्च |
|---|---|---|---|---|---|---|---|
| | | | महिला | पुरुष | जम्मा | | |
| १ | २०८३ जेठ २२ गतेदेखि २३ गतेसम्म, प्रदेश सुशासन केन्द्र, जावलाखेल | मकवानपुर र सिन्धुपाल्चोक जिल्लाका स्थानीय तहका न्यायिक समितिका संयोजक तथा न्यायिक सहजकर्ता (जनप्रतिनिधि तथा कर्मचारी) | १९ | १२ | ३१ | व्यवस्थापन शाखाबाट सम्पादित | २,६८,१०२/- |
| | स्रोतव्यक्ति : | | | | | | |
| २ | २०८३ जेठ २३ गतेदेखि २४ गतेसम्म, प्रदेश सुशासन केन्द्र, जावलाखेल | सिन्धुली र धादिङ जिल्लाका स्थानीय तहका न्यायिक समितिका संयोजक तथा न्यायिक सहजकर्ता (जनप्रतिनिधि तथा कर्मचारी) | १९ | २२ | ४१ | व्यवस्थापन शाखाबाट सम्पादित | ३,०१,९६१/- |
| | स्रोतव्यक्ति : | | | | | | |
| ३ | २०८३ जेठ २४ गतेदेखि २५ गतेसम्म, प्रदेश सुशासन केन्द्र, जावलाखेल | ललितपुर, दोलखा, नुवाकोट र काठमाडौं जिल्लाका स्थानीय तहका न्यायिक समितिका संयोजक तथा न्यायिक सहजकर्ता (जनप्रतिनिधि तथा कर्मचारी) | २६ | १० | ३६ | व्यवस्थापन शाखाबाट सम्पादित | २,६४,७३३/- |
| | स्रोतव्यक्ति : | | | | | | |
| जम्मा | | | ६४ | ४४ | १०८ | | ८,३४,७९६/- |

## स्थानीय तहका कार्यपालिकाका सदस्यहरुका लागि सुशासन सम्बन्धी अन्तर्क्रियात्मक कार्यक्रम

- सञ्चालन मिति : २०८३ जेठ २७ र २८ गते (प्रशिक्षण तथा क्षमता विकास शाखाबाट सम्पादित)
- स्थान : प्रदेश सुशासन केन्द्र, जावलाखेल
- सहभागी : काठमाडौं, ललितपुर र भक्तपुर जिल्लाका स्थानीय तहका कार्यपालिका सदस्यहरु
- सहभागी संख्या : १७ महिला तथा २ पुरुष गरी जम्मा १९ जना
- स्रोतव्यक्ति : राष्ट्रिय सूचना आयोगका पूर्व आयुक्त, प्रमुख जिल्ला अधिकारी, नगरपालिका प्रमुख
- जम्मा खर्च : ९६,२७२/-

## स्थानीय तहका जनप्रतिनिधि तथा कर्मचारीहरुका लागि दुईदिने GESI, GESI Audit तथा GRB सम्बन्धी कार्यशाला

- सञ्चालन मिति : २०८३ जेठ २९ र ३० गते (अनुसन्धान र ज्ञान व्यवस्थापन शाखाबाट सम्पादित)
- स्थान : प्रदेश सुशासन केन्द्र, जावलाखेल
- सहभागी : रामेछाप र काभ्रेपलाञ्चोक जिल्लाका विभिन्न १६ स्थानीय तहका जनप्रतिनिधि तथा कर्मचारीहरु
- स्रोतव्यक्ति : निर्देशक श्री प्रतिभा पन्थी, व. महिला विकास अधिकृत श्री निला कुमारी घिमिरे, विषय विज्ञ डा. सरिता दाहाल, विषय विज्ञ श्री भावना सुवेदी
- जम्मा खर्च : २,२०,२०६/-

| जातजाति | सहभागी संख्या | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | जनप्रतिनिधि | | | कर्मचारी | | | कूल जम्मा |
| | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | |
| दलित | १ | १ | २ | २ | ० | २ | ४ |
| जनजाति | १ | ४ | ५ | ३ | २ | ५ | १० |
| ब्राह्मण | १ | १ | २ | २ | १ | ३ | ५ |
| क्षेत्री | २ | १ | ३ | ४ | १ | ५ | ८ |
| | ५ | ७ | १२ | ११ | ४ | १५ | २७ |

## प्रदेश निजामती सेवा तथा स्थानीय सेवाका नवनियुक्त कर्मचारीहरुका लागि सेवाप्रवेश तालिम

| क्र.सं. | कार्यक्रम सञ्चालन मिति र स्थान | सहभागीको विवरण | सहभागी संख्या | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | महिला | पुरुष | जम्मा | |
| १ | २०८३ जेठ ३१ गतेदेखि असार ५ गतेसम्म, प्रदेश सुशासन केन्द्र, जावलाखेल | प्रदेश सरकारको प्रशासन सेवा, सामान्य प्रशासन समूहका सहायकस्तर पाँचौं तहमा नवनियुक्त कर्मचारीहरु | १० | २० | ३० | योजना तर्जुमा तथा पाठ्यक्रम विकास शाखाबाट सम्पादित<br>खर्च १,७१,०९०/- |
| २ | २०८३ असार २ गतेदेखि ७ गतेसम्म, प्रदेश सुशासन केन्द्र, जावलाखेल | प्रदेश सरकारको प्रशासन सेवा, लेखा समूहका सहायकस्तर पाँचौं तहमा नवनियुक्त कर्मचारीहरु | ६ | २० | २६ | व्यवस्थापन शाखाबाट सम्पादित<br>खर्च १,६२,८८८/- |
| ३ | २०८३ असार ३ गतेदेखि ८ गतेसम्म, प्रदेश सुशासन केन्द्र, जावलाखेल | प्रदेश सरकारको प्रशासन सेवा, लेखा समूहका सहायकस्तर पाँचौं तहमा नवनियुक्त कर्मचारीहरु | ११ | १४ | २५ | व्यवस्थापन शाखाबाट सम्पादित<br>खर्च १,६१,४०४/- |
| ४ | २०८३ असार ३ गतेदेखि ८ गतेसम्म, | स्थानीय तहको प्रशासन सेवा, सामान्य प्रशासन | १५ | १६ | ३१ | योजना तर्जुमा तथा पाठ्यक्रम विकास शाखाबाट |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | प्रदेश सुशासन केन्द्र, जावलाखेल | समूहका सहायकस्तर पाँचौं तहमा नवनियुक्त कर्मचारीहरु | | | | सम्पादित खर्च १,७०,९२८/- |
| ५ | २०८३ असार ७ गतेदेखि १२ गतेसम्म, प्रदेश सुशासन केन्द्र, जावलाखेल | स्थानीय तहको प्रशासन सेवा, सामान्य प्रशासन समूहका सहायकस्तर पाँचौं तहमा नवनियुक्त कर्मचारीहरु | १३ | १९ | ३२ | योजना तर्जुमा तथा पाठ्यक्रम विकास शाखाबाट सम्पादित खर्च १,६७,५८२/- |
| ६ | २०८३ असार ८ गतेदेखि १३ गतेसम्म, प्रदेश सुशासन केन्द्र, जावलाखेल | स्थानीय तहको प्रशासन सेवाको सहायकस्तर पाँचौं तहमा नवनियुक्त कर्मचारीहरु | १२ | १६ | २८ | प्रशिक्षण तथा क्षमता विकास शाखाबाट सम्पादित खर्च १,६९,९६७/- |
| ७ | २०८३ असार ९ गतेदेखि १४ गतेसम्म, प्रदेश सुशासन केन्द्र, जावलाखेल | स्थानीय तहको स्वास्थ्य सेवा, जनस्वास्थ्य समूहको HA सहायकस्तर पाँचौं तहमा नवनियुक्त कर्मचारीहरू | ९ | १२ | २१ | व्यवस्थापन शाखाबाट सम्पादित खर्च १,५६,६८०/- |
| जम्मा | | | ७६ | ११७ | १९३ | ११,६०,५३९/- |

## प्रदेश सरकारका आर्थिक प्रशासन प्रमुख तथा शाखाका कर्मचारीहरुको लागि IPFMIS तथा RMIS सम्बन्धी तालिम

- सञ्चालन मिति : २०८३ असार ६ र ७ गते
- स्थान : महालेखा नियन्त्रक कार्यालय, अनामनगर, काठमाडौं
- सहभागी : प्रदेश सरकारका आर्थिक प्रशासन प्रमुख तथा आर्थिक प्रशासन शाखाका कर्मचारीहरू
- सहभागी संख्या : ६ महिला तथा १४ पुरुष गरी जम्मा २० जना
- स्रोतव्यक्ति : महालेखा नियन्त्रक कार्यालयका विषयविज्ञहरु
- जम्मा खर्च : १,७२,२००/-

## सेवाकालीन तालिम कार्यक्रमहरूको प्रभावकारिता मूल्याङ्कन

- सञ्चालन अवधि : मिति २०८३ असार १६ गतेदेखि असार २१ गतेसम्म
- प्रभावकारिता मूल्याङ्कनको दायरा (Scope) : आर्थिक वर्ष २०८२/०८३ सम्म यस केन्द्रबाट सेवाकालीन तालिम लिएका कर्मचारीहरु
- प्रभावकारिता मूल्याङ्कनको विधि : प्रश्नावलीमार्फत् तथ्याङ्क सङ्कलन

| अध्ययन टोली | अध्ययन गरिएका जिल्लाहरु | Sampling संख्या | | | जम्मा खर्च |
|---|---|---|---|---|---|
| | | महिला | पुरुष | जम्मा | |
| टोली क | सिन्धुपाल्चोक र दोलखा | ३ | ८ | ११ | ८५,३००/- |
| टोली ख | भक्तपुर र काभ्रपलाञ्चोक | १५ | १७ | ३२ | ६८,९५०/- |

| | | | | | |
|---|---|---|---|---|---|
| टोली ग | धादिङ र नुवाकोट | ५ | ४ | ९ | ५७,६००/- |
| जम्मा | | २३ | २९ | ५२ | २,११,८५०/- |

## प्रदेश सभाका सदस्यहरुको क्षमता विकास अन्तरक्रिया तथा अभिमुखीकरण कार्यक्रम

- सञ्चालन मिति : २०८३ असार २१ र २२ गते
- स्थान : प्रदेश सुशासन केन्द्र, जावलाखेल
- सहभागी : प्रदेश सभाका समिति सभापति, सदस्य तथा समिति सदस्य-सचिवहरू
- सहभागी संख्या : १६ महिला तथा २८ पुरुष गरी जम्मा ४४ जना (५ जना कर्मचारीसमेत)
- स्रोतव्यक्ति : विषय सम्बन्धित विज्ञहरु
- जम्मा खर्च : ४,१७,१३८/-

## प्रदेश सुशासन केन्द्रका कर्मचारीको क्षमता विकासका लागि Artificial Intelligence तथा Photography सम्बन्धी तालिम कार्यक्रम

- सञ्चालन मिति : २०८३ असार २३ र २४ गते
- स्थान : प्रदेश सुशासन केन्द्र, जावलाखेल
- सहभागी : प्रदेश सुशासन केन्द्रका कर्मचारीहरु
- सहभागी संख्या : ७ महिला तथा १३ पुरुष गरी जम्मा २० जना
- स्रोतव्यक्ति : Staff College का विषयविज्ञहरु
- जम्मा खर्च : १,४५,५५६/५०